# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०८।१२ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

नारायणी सिंचाई व्यवस्थापन डिभिजन पर्सा ब्लक नं.२ र १० को नहर निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा Irrigation and Water Resources Management Program (IWRMP), Block No. 2, Hariharpur, Parsa, Canal Reshaping Work योजनामा नारायणी सिंचाई व्यवस्थापन डिभिजन नं. ५, बहुअरी, वीरगंज, पर्साले रु.५,६१,९५०।- उपभोक्ता संस्थालाई बद्नियत पूर्वक काम नै नभएको अवस्थामा पनि झुट्टा बिल बनाई गलत भुक्तानी दिई/लिई भ्रष्टाचारजन्य काम गरेको पुष्टि हुन आएकोले उक्त भ्रष्टाचार कसुरमा संलग्न देहाय बमोजिमका पदाधिकारीहरू र कर्मचारीहरूलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन सि.डि.ई. मदन मोहन झा | नारायणी सिंचाई व्यवस्थापन डिभिजन नं. ५, बहुअरी, वीरगंज, पर्सा | रु.५,६१,९५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (१) बमोजिम बमोजिम बिगो कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन समेत मागदाबी लिइएको छ । |
| २. | तत्कालीन लेखा अधिकृत मुरारी प्रसाद आचार्य | नारायणी सिंचाई व्यवस्थापन डिभिजन नं. ५, बहुअरी, वीरगंज, पर्सा | रु.५,६१,९५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (१) बमोजिम बमोजिम बिगो कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन समेत मागदाबी लिइएको छ । |
| ३. | ब्लक नं. २ हरिहरपुर बिर्ता, पर्साका अध्यक्ष कुसुम देवी कलवार | नारायणी सिंचाई प्रणाली जल उपभोक्ता संस्था ब्लक नं. २ | रु.५,६१,९५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (४) बमोजिम बिगो कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन समेत मागदाबी लिइएको छ । |
| ४. | ब्लक नं. २ हरिहरपुर बिर्ता, पर्साका कोषाध्यक्ष राजकिशोर प्रसाद | नारायणी सिंचाई प्रणाली जल उपभोक्ता संस्था ब्लक नं. २ | रु.५,६१,९५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा ऐ.ऐ. दफा ८ को उपदफा (४) बमोजिम बिगो कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन समेत मागदाबी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी